# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्धारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, भाद्र २७ गते, २०८१ साल (अतिरिक्ताङ्क १६

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१

आन्तरिक मामिला त ... कोशी प्रदेश

<u>**प्रस्तावनाः**</u> सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो निर्देशिकाको नाम **"सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१"** रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा १९ मा संशोधनः**</u> सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९.<u>कन्टिन्जेन्सी खर्च सम्बन्धी व्यवस्थाः</u> (१) कुनै आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वर्कचार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च, कार्यालय व्यवस्थापन खर्च वा कन्टिन्जेन्सी खर्च वापत रकम छुट्याइने वा खर्च गरिने छैन।

(२) कार्यालयले आयोजनाको प्रशासनिक खर्च एवम् कार्यालय व्यवस्थापन खर्चको लागि स्वीकृत आर्थिक संकेत वर्गीकरण एवम् व्याख्या अनुसार सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरेर खर्च गर्नुपर्नेछ।

(३) कार्यालयले प्रचलित कानून अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा **वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**खर्च** वापत कुनै पनि रकम थप नगर्ने वा नजोड्ने र परामर्श सेवा खरिद कार्यको लागत अनुमान तयार गर्दा **कार्यालय व्यवस्थापन खर्च** वापतको रकम नजोडी वा नछुट्याई लागत अनुमान तयार गर्नुपर्नेछ।

(४) आयोजनाको सुपरीवेक्षणको लागि खटाइने प्राविधिक कर्मचारीको ज्याला वा स्टाफ खर्चको लागि खर्च शीर्षक २२४१९ (अन्य सेवा शुल्क) मा आवश्यक रकम विनियोजन गरी वा मिल्दो शीर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्न सकिनेछ।

(५) आयोजनाको प्रकृति अनुसार सुपरीवेक्षकको लागि चाहिने योग्यता, अनुभव, प्राविधिक क्षमता, आवश्यक पर्ने जनशक्तिको संख्या, काममा खटाउने अवधि, ज्याला वा पारिश्रमिक सहितको मापदण्ड सम्बन्धित मन्त्रालयले तर्जुमा गर्नुपर्नेछ। तालुक मन्त्रालय वा निकायबाट स्वीकृत भएको मापदण्ड अनुसार कार्यालयले आयोजनाको सुपरीवेक्षक वा सुपरभाइजरको लागि आवश्यक बजेट विनियोजन प्रस्ताव गर्ने, काममा खटाउने र पारिश्रमिक भुक्तानी गर्नुपर्नेछ।

(६) निर्माण कार्यको दैनिक सुपरीवेक्षणमा खटिएका सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको तलब वा ज्याला भुक्तानी गर्दा निजहरुको फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानून अनुसार आवश्यक पर्ने पद र प्राविधिक दक्षता अनुसार योग्यताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन एक आर्थिक वर्षमा एकपटक श्रेस्तामा अनिवार्य संलग्न गर्नुपर्नेछ।

(७) तालुक मन्त्रालय वा निकायबाट कार्यविधि स्वीकृत नगरी आयोजनाको फिजिकल कन्टिन्जेन्सी खर्च गर्न पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सम्बन्धित आयोजनाको विषयमा बाहेक फिजिकल कन्टिन्जेन्सी रकम आपतकालीन निर्माण, मर्मतसम्भार, डि.पि.आर. निर्माण, अन्य कार्य वा निर्माणमा खर्च गर्न पाइनेछैन।

(८) विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) निर्माणका लागि सम्बन्धित खर्च शीर्षकमा वार्षिक बजेट तथा कार्यक्रम मार्फत रकम विनियोजन गरेर मात्र खर्च गर्नुपर्ने छ, सो कार्यमा आयोजनाको विनियोजन वा कन्टिन्जेन्सी रकमबाट खर्च गर्न पाइने छैन। कुनै आयोजनाको डि.पि.आर. गर्नका लागि तालुक मन्त्रालयको सहमति लिएर मात्र कार्यप्रक्रिया अघि बढाउनुपर्नेछ।

(९) यस दफामा उल्लेखित व्यवस्था विपरित हुने गरी कन्टिन्जेन्सी रकम खर्च गरेमा सम्बन्धित कार्यालय प्रमुख, लेखा प्रमुख र सम्बन्धित जिम्मेवार व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।"

३. <u>अनुसूची-१ खारेज गरिएको:</u> सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को अनुसूची-१ खारेज गरिएको छ।

**स्वीकृत मिति : २०८१।०५।२७**

**आज्ञाले,**
**शंकर नेपाल**
**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश